भाग २  खण्ड ४ संख्या ९ मितिः २०७७/०७/२०

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ९ मितिः २०७७/०७/२०

भाग-२

रघुगंगा गाउँपालिका

## उच्चा शिक्षा छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७७

## छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना**

रघुगंगा गाउँपालिकाको शैक्षिक, आर्थिक, सामाजिक विकासका लागि आवश्यक पर्ने जनशक्तिको विश्लेषणको आधारमा विभिन्न विषयमा दिइने छात्रवृत्तिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

आ.व. २०७७।०७८ को बजेट कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम 'छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७७' रहेको छ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-
(क) विद्यालय भन्नाले रघुगंगा गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई सम्झनुपर्दछ।
(ख) गाउँपालिका भन्नाले रघुगंगा गाउँपालिकालाई सम्झनुपर्दछ।
(ग) छात्रवृत्ति भन्नाले यस गाउँपालिकाले कुनै अध्ययन, तालिमका लागि उपलब्ध गराएको आर्थिक सहयोग वा अनुदानलाई सम्झनुपर्दछ।
(घ) कार्यपालिका भन्नाले रघुगंगा गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।
(ङ) छात्रवृत्ति निर्धारण समिति भन्नाले दफा ५ बमोजिमको छनोट समिति सम्झनुपर्दछ।
(च) विद्यालय तह भन्नाले यस गाउँपालिकाका सामुदायिक विद्यालयहरुबाट कम्तीमा कक्षा १० सम्मको अध्यापन हुने विद्यालय भन्ने सम्झनुपर्दछ।
(छ) परीक्षा भन्नाले छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा उम्मेदवार छनोट गर्न लिइने मौखिक वा लिखित वा दुवै परीक्षा सम्झनुपर्दछ।
(ज) बिगो निर्धारण समिति भन्नाले दफा १८ बमोजिमको छात्रवृत्ति सम्बन्धी बिगो निर्धारण समिति सम्झनुपर्दछ।
(झ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।
(ञ) शिक्षा अधिकृत भन्नाले गाउँपालिकाको शिक्षा शाखाको शिक्षा अधिकृतलाई सम्झनुपर्दछ।
(ट) शिक्षा शाखा भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्दछ।
(ठ) क्याम्पस तह भन्नाले सरकारी वा सामुदायिक क्याम्पसतर्फ स्नातक तह सञ्चालन गरेका क्याम्पसलाई सम्झनुपर्दछ।

**३. छात्रवृत्तिको सङ्काय वा विषय सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकालाई आवश्यक पर्ने जनशक्तिको आवश्यकता विश्लेषणका आधारमा स्नातक तहका सङ्काय तथा विषयहरुमा आवदेन दिने विद्यार्थीले मात्र छात्रवृति पाउनेछन्।
(२) शिक्षाशास्त्र सङ्काय अन्तर्गत अङ्ग्रेजी, गणित र विज्ञान विषयमात्र।
(३) मानविकी सङ्काय अन्तर्गत अङ्ग्रेजी, गणित, पत्रकारिता र समाजशास्त्र विषयमात्र।
(४) व्यवस्थापन सङ्काय।
(५) प्राविधिक धार तथा उपदफा २, ३, ४ बाहेकका अन्य सबै सङ्काय तथा विषयहरु।

**४. छात्रवृत्तिका प्रकार :** (१) छात्रवृत्तिलाई पूर्ण र आंशिक गरी दुई भागमा विभाजन गरिने छ।

(२) दफा ३ को उपदफा २, ३ र ४ अन्तर्गत रहेका सङ्काय तथा विषयहरुलाई पढ्ने विद्यार्थीहरु पूर्ण छात्रवृत्ति प्राप्त गर्नका लागि योग्य मानिने छन् ।

(३) दफा ३ को उपदफा ५ अन्तर्गत रहेका सङ्काय तथा विषयहरुलाई पढ्ने विद्यार्थीहरु आंशिक छात्रवृत्ति प्राप्त गर्नका लागि योग्य मानिने छन् ।

**५. छात्रवृत्तिको लागि विद्यार्थी छनौट समिति** : (१) खुला प्रतियोगिताद्वारा छात्रवृत्ति छनौट गर्ने कार्यको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति छनोट समिति रहनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक
(ख) गाउँपालिकाको लेखा अधिकृत - सदस्य
(ग) गाउँपालिकाले मनोनयन गरेको एकजना विशेषज्ञ - सदस्य
(घ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य
(ङ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) उपदफा १ को खण्ड ग बमोजिम मनोनित हुने सदस्य शिक्षा, शिक्षण वा अनुसन्धानको क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव हासिल गरेको हुनुपर्नेछ ।
(३) उपदफा १ बमोजिम मनोनित सदस्यको पदावधि एक वर्षको हुनेछ ।
(४) छात्रवृत्ति छनोट समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।
(५) छात्रवृत्ति छनोट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकार** : (१) छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) छात्रवृत्ति प्रदानका सम्बन्धमा परीक्षा सञ्चालन गर्ने,
(ख) छात्रवृत्ति प्रदानका सम्बन्धमा परीक्षा सम्बन्धी कामहरु गर्ने,
(ग) परीक्षामा सहभागी हुने उम्मेदवारको योग्यता निर्धारण गर्ने,
(घ) परीक्षको आचारसंहितासँग सम्बन्धित कामहरु गर्ने,
(ङ) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनोट गर्ने
(च) परीक्षा सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने
(छ) छात्रवृत्ति सम्बन्धी आचारसंहिता बनाइ लागु गर्ने,
(ज) छात्रवृत्ति प्रदान गर्न विभिन्न क्याम्पस तथा विश्वविद्यालयसँग समन्वय गर्ने,
(झ) छात्रवृत्तिमा आरक्षण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,
(ञ) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक अन्य काम कारबाही गर्ने ।

(२) छात्रवृत्ति छनोट समितिको सचिवालय शिक्षा शाखामा हुनेछ ।

**७. छात्रवृत्ति लागि उम्मेदवार छनोट परीक्षाबाट गर्नुपर्ने** : (१) यस कार्यविधिमा अन्य व्यवस्था भएकोमा बाहेक छात्रवृत्तिको लागि उम्मेदवार छनोट गर्दा परीक्षाबाट मात्र गरिनेछ ।

(२) उपदफा १ बमोजिम उम्मेदवार छनोट गर्दा दफा ३ बमोजिमको विषयमा प्रदान गरिने छात्रवृत्तिको लागि एकीकृत रुपमा परीक्षा लिन सकिनेछ। तर कुनै व्यक्तिका लागि मात्र छुट्टै परीक्षा लिइने छैन।

८. **छात्रवृत्ति लागि आरक्षणको व्यवस्था गर्नुपर्ने** : (१) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट माध्यमिक तहको परीक्षा उत्तीर्ण गरेका गरिब तथा जेहन्दार विद्यार्थीहरुलाई देहाय बमोजिम आरक्षणको व्यवस्था गरिने छ।

(२) गाउँपालिकाले छात्रवृत्तिका लागि विनियोजन गरेको कुल बजेटलाई शत् प्रतिशत मानी त्यसको पचास प्रतिशत दफा ३ को उपदफा २ बमोजिमको सङ्काय वा विषय अध्ययन गर्ने विद्यार्थीलाई समानुपातिक रुपमा वितरण गरिने छ। तर यसरी दिइने छात्रवृत्तिको रकम बढीमा चालिस हजार वा सम्बन्धित क्याम्पसको वार्षिक शुल्कमध्ये जुन कम छ सोही रकम भन्दा बढी हुने छैन। यस्तो छात्रवृत्तिलाई पूर्ण छात्रवृत्ति भनिनेछ।

(३) कुल बजेटको पचास प्रतिशत दफा ३ को उपदफा ३, ४ वा ५ बमोजिमको सङ्काय वा विषय अध्ययन गर्ने विद्यार्थीलाई समानुपातिक रुपमा वितरण गरिने छ। तर यसरी दिइने छात्रवृत्तिको रकम बढीमा बिस हजार वा सम्बन्धित क्याम्पसको वार्षिक शुल्कको पचास प्रतिशत रकममध्ये जुन कम छ सोही रकम भन्दा बढी हुने छैन। यस्तो छात्रवृत्तिलाई आंशिक छात्रवृत्ति भनिनेछ।

(४) पूर्ण छात्रवृत्तिका लागि विद्यार्थीको वर्गीकरण निम्नानुसार गरिने छ :

(क) गरिब १ जना
(ख) जेहन्दार १ जना
(ग) महिला १ जना
(घ) जनजाती १ जना
(ङ) दलित १ जना
(च) अपाङ्ग १ जना
(छ) पिछडिएको दुर्गम क्षेत्रबाट १ जना
(ज) खस आर्य १ जना

स्पष्टीकरण : यस दफाको सन्दर्भमा पिछडिएको दुर्गम क्षेत्र भन्नाले गाउँपालिकाको वडा नं. ७ र ८ मा स्थायी बसोबास गर्ने विद्यार्थीलाई मात्र जनाउँछ।

(५) उपदफा ४ बमोजिम आरक्षण गरिएको समूहलाई आवश्यकता तथा औचित्यका आधारमा समायोजन गर्ने अधिकार गाउँ कार्यपालिकामा हुनेछ।

(६) उपदफा ४ बमोजिम कुनै आरक्षण समूहमा कुनै उम्मेदवारको आवेदन नपरेको खण्डमा उक्त आरक्षणमा छुट्याइएको सङ्ख्या स्वतः खण्ड क को गरिब तथा जेहन्दारको आक्षरणमा गणना हुनेछ।

९. **छात्रवृत्तिका लागि दरखास्त आह्वान** : (१) शिक्षा शाखाले छात्रवृत्तिको लागि लिइने परीक्षाको लागि देहायका विवरणहरु खुलाई परीक्षा लिइने मितिभन्दा कम्तीमा १५ दिन अगावै सर्वाजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नेछ।

(क) परीक्षामा उम्मेदवारको लागि हुन चाहिने न्यूनतम शैक्षिक योग्यता
(ख) दरखास्त दिने स्थान र ढाँचा
(ग) सम्बन्धित वडाको सिफारिस
(घ) परीक्षा सम्बन्धी अन्य आवश्यक विषयहरु।

**१०. उम्मेदवारका लागि आवश्यक न्यूनतम योग्यता :** छात्रवृत्ति प्राप्त गर्नको लागि उम्मेदवारमा निम्नानुसारका योग्यता हुनुपर्नेछ :
(क) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट विद्यालय तहको अध्ययन पूरा गरेको हुनुपर्ने,
(ख) छात्रवृत्ति छनोट समितिले लिएको परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क ल्याएको हुनुपर्ने,
(ग) शिक्षा शाखाले तोकेको अन्य आवश्यक प्रमाणपत्रहरु समावेश गर्नुपर्ने ।

**११. दरखास्त बुझाउनुपर्ने :** (१) दफा ११ बमोजिम प्रकाशित सूचनाका आधारमा परीक्षामा सहभागी हुन चाहने उम्मेदवारले तोकिएको प्रक्रिया पुऱ्याएर शिक्षा शाखामा दरखास्त बुझाउनुपर्ने छ ।
(२) आरक्षण प्राप्त गर्ने प्रयोजनका लागि सम्बन्धित वडाबाट सिफारिस सहित निवेदन पेश गर्नुपर्ने छ ।

**१२. परीक्षा सञ्चालन :** छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्ने प्रयोजनको लागि शिक्षा शाखाले आवश्यक प्रक्रिया पुऱ्याइ परीक्षा सञ्चालन गर्ने छ ।

**१३. योग्यताक्रम कायम गर्ने :** (१) छात्रवृति छनोट समितिले दफा १२ बमोजिम सञ्चालन भएको परीक्षा कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम मात्र योग्यताक्रमको आधारमा कायम गर्नुपर्नेछ ।
(२) उम्मेदवारले माध्यमिक शिक्षा परीक्षामा स्तरीकृत अङ्क ३.० वा सोभन्दा बढी ल्याएको भए ५ अङ्क, २.० वा सोभन्दा बढी ल्याएको भए ३.५ अङ्क र २.० भन्दा कम ल्याएमा २ अङ्क प्रदान गरिनेछ ।
(३) उपदफा १ र २ बमोजिमको अङ्क जोडेर एकीकृत रुपमा उम्मेदवारको योग्यताक्रम कायम गरिनेछ ।
(४) दुई वा सोभन्दा बढी उम्मेदवारको अङ्क समान भएमा छात्रवृति छनोट समितिले सञ्चालन गरेको परीक्षामा ल्याएको अङ्कलाई मुख्य आधार मानी योग्यताक्रम निर्धारण गरिनेछ ।

**१४. कबुलियत गर्नुपर्ने :** (१) यस गाउँपालिकाबाट प्रदान गरिएको पूर्ण तथा आंशिक छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीले आफ्नो सम्बन्धित तहको अध्ययन पुरा गरिसकेपछि गाउँपालिकाले तोकेको विद्यालय वा सेवाक्षेत्रमा गई आंशिक छात्रवृत्ति पाएको विद्यार्थीको हकमा कम्तीमा ६ महिना र पूर्ण छात्रवृत्ति पाएको विद्यार्थीको हकमा कम्तीमा एक वर्ष अनिवार्य सेवा प्रदान गर्नुपर्ने छ । यसरी कबुलियतनामा गर्ने ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले आफ्नो अध्ययन तथा अनुसन्धान पुरा गरी उपदफा १ बमोजिमको सर्त पुरा नगरेको अवस्थामा भने बिगो असुल समितिले उक्त छात्रवृत्ति बराबरको रकम फिर्ता गराउनेछ ।

(३) उपदफा १ बमोजिमको सेवा गर्ने कार्य छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको अनिवार्य सर्त तथा कर्तव्य हुनेछ ।

**१५. विषय वा सङ्काय परिवर्तन गर्न नपाइने :** (१) मूल विषय तोकी छात्रवृत्तिको लागि छनौट भएको व्यक्तिले अध्ययन गर्ने विषय वा सङ्काय परिवर्तन गर्न पाइने छैन ।
(२) उपदफा १ मा जेसुकै कुरा लेखिएको भएपनि सम्बन्धित क्याम्पस तथा विश्वविद्यालयको सिफारिस सहित अध्ययन गर्न लागेको विषय वा सङ्काय परिवर्तन गर्नुपर्ने स्पष्ट कारण देखाइ निवेदन दिएमा शिक्षा शाखाको सिफारिसमा गाउँकार्यपालिकाले विषय वा सङ्काय परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।

**१६. अध्ययन गर्ने क्याम्पस :** (१) छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले म्याग्दी जिल्लाभित्रका सरकारी वा सामुदायिक क्याम्पसमा भएको सङ्काय तथा विषयको हकमा सोही क्याम्पसमा अध्ययन गर्नुपर्नेछ ।

(२) उपदफा १ मा जेसुकै लेखिएको भएपनि म्याग्दी जिल्लाभित्रका सरकारी वा सामुदायिक क्याम्पसमा उपलब्ध नभएको सङ्काय तथा विषयको हकमा भने विद्यार्थीलाई अन्य जिल्लाका सरकारी वा सामुदायिक क्याम्पसमा गई अध्ययन गर्न बाधा पर्ने छैन ।

(३) यस कार्यविधि बमोजिम पूर्ण वा आंशिक छात्रवृत्ति पाएको विद्यार्थीले वार्षिक नतिजा गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा ३ बमोजिमको कार्य छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको अनिवार्य कर्तव्य हुनेछ ।

**१७. छात्रवृत्तिको समय थप हुने :** (१) अध्ययन वा तालिमका निम्ति पठाइएको विद्यार्थीले तोकिएको समयमा अध्ययन वा तालिम पूरा गर्न नसकेमा छात्रवृत्ति पाउने व्यक्तिले सम्बन्धित क्याम्पस वा विश्वविद्यालयको सिफारिस सहित गाउँ कार्यपालिकाले बढीमा २ वर्ष समय थप गर्न सक्नेछ ।

**१८. बिगो निर्धारण समिति :** (१) बिगो निर्धारण समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) शिक्षा अधिकृत - सदस्य

(२) देहायका अवस्थामा बिगो निधार्रण समितिले जुनसुकै विद्यार्थीलाई दिएको छात्रवृत्ति फिर्ता गर्न सक्नेछ ।

(क) छात्रवृत्तिबाट अध्ययन पुरा गरी गाउँपालिकाले तोकेको विद्यालय वा सेवा क्षेत्रमा गई कबुलियत बमोजिम सेवा नगरेमा,

(ख) अध्ययन पुरा गरी सरकारी तथा गैरसरकारी सेवामा समावेश भएमा,

(ग) गाउँपालिकाले तोकेको विद्यालय वा सेवा क्षेत्रमा नगएमा वा जान नमानेमा

(घ) विद्यार्थीले वार्षिक नतिजाको प्रमाणपत्र वा प्रगति प्रतिवेदन नबुझाएमा ।

(३) बिगो निधार्रण समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) बिगो निधार्रण समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

**१९. छात्रवृत्ति प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु :** रकम भुक्तानीका लागि विद्यालयको निम्नानुसारका कागजातहरु पेश गर्नुपर्ने छ :

(क) सम्बन्धित क्याम्पसले सङ्काय, विषय र वार्षिक शुल्क खुलाई सिफारिस गरेको पत्र,

(ख) सम्बन्धित वडाको दिएको सिफारिस (आर्थिक अवस्था तथा आरक्षण खुल्ने गरी)

(ग) विद्यार्थीको निवेदन ।

**२०. सम्झौता रद्द गर्ने सक्ने अवस्था :** (१) देहायका अवस्थामा छात्रवृत्तिका लागि गरिएको सम्झौता रद्द गर्न सकिनेछ :

(क) विषय वा सङ्काय परिवर्तन गरेमा,

(ख) अध्ययन गर्ने क्याम्पस परिवर्तन गरेमा,

(ग) अध्ययन बिचैमा छाडेमा,

(घ) सम्बन्धित क्याम्पसको आचारसंहिता विपरीतका जुनसुकै कार्यहरु गरी क्यापसले सिफारिस गरेमा,

(ङ) विद्यार्थीले वार्षिक नतिजाको प्रमाणपत्र वा प्रगति प्रतिवेदन नबुझाएमा ।

(२) उपदफा १ बमोजिमका कार्यहरुले गर्दा सम्बन्धित विद्यार्थीसँग सम्झौता रद्द भएमा दफा १८ को बिगो निर्धारण समितिले विद्यार्थी पाएको छात्रवृत्ति फिर्ता गराउने सक्नेछ ।

**२१. बाधा अड्काउ फुकाउ र व्याख्या** : (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

(२) यस कार्यविधिको कुनै दफा तथा उपदफामा द्विविधा उत्पन्न भएमा यसको व्याख्या गर्ने अधिकार गाउँपालिकामा हुनेछ ।

**२२. संशोधन** : यस कार्यविधिमा गाउँपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

**अनुसूची १**

**दफा ९ को उपदफा १ को खण्ड ख सँग सम्बन्धित**

**छात्रवृत्तिको लागि आवेदन फाराम**

| |
|---|
| **कार्यालय प्रयोजनको लागि मात्र**<br>विद्यार्थीको कोड नं. |

| |
|---|
| पासपोर्ट साइजको फोटो |

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
रघुगंगा गाउँपालिका, मौवाफाँट, म्याग्दी ।

विषय : छात्रवृत्ति उपलब्ध गराइ पाउँ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नाम : (नेपालीमा) | | | | | लिङ्ग : | |
| नाम : (अङ्ग्रेजीमा) | | | | | | |
| नागरिकता नं.: | | | जारी गर्ने जिल्ला : | | जारी मिति : | |
| स्थायी ठेगाना : | प्रदेश | | जिल्ला | | गा.पा/न.पा | |
| | वडा नं. | | टोल | | सम्पर्क नं. | |
| बाबुको नाम, थर : | | | | | बाबुको पेसा : | |
| आमाको नाम, थर : | | | | | आमाको पेसा : | |
| जन्ममिति : | | | दरखास्त दिने मितिमा आवेदकको उमेर : | | | |
| शैक्षिक योग्यताको विवरण | | | | | | |

| योग्यता | विद्यालय | उत्तीर्ण गरेको साल | प्राप्ताङ्क (प्रतिशत/CGPA) | |
|---|---|---|---|---|
| कक्षा १० (SEE) | | | | |
| कक्षा १२ | | | | |
| अन्य | | | | |

| |
|---|
| विद्यार्थीको पेशा (भएमा) : |
| अध्ययनरत शैक्षिक संस्था : |
| |
| माथि लेखिएको विवरण साँचो हो, झुठ्ठा ठहरे प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला । |

| औठाको छाप | |
|---|---|
| | |
| दायाँ | बायाँ |

हस्ताक्षर :

मिति :

अनुसूची २
दफा १४ सँग सम्बन्धित
कबुलियतनामाको ढाँचा

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
रघुगंगा गाउँपालिका, मौवाफाँट, म्याग्दी ।

विषय : कबुलियतनामा सम्बन्धमा ।

प्रस्तुत विषयमा म यस गाउँपालिकाको वडा नं. .......... को ............................................ मा बस्ने विद्यार्थी हुँ । मैले यस गाउँपालिकाको वडा नं. ........ मा रहेको श्री .................................................... विद्यालय ............................ बाट विद्यालय तहको शिक्षा पूरा गरेको छु । मैले यस गाउँपालिकाबाट प्रदान गर्ने छात्रवृत्तिको लागि योग्य भई छनोट भएको र सो छात्रवृत्ति पाएमा मैले लगनशीलताका साथ आफ्नो स्नातक तहको अध्ययन पुरा गरी यस गाउँपालिकाले खटाएको विद्यालय वा सेवा क्षेत्रमा गई तोकिए बमोजिमको सेवा तथा सर्तको अधिनमा रही सेवा प्रदान गर्दछु भनी निम्नलिखित व्यक्तिहरुको रोहवरमा यो कबुलियतनामा लेखी शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाएँ ।

| औठाको छाप | |
|---|---|
| | |
| दायाँ | बायाँ |

विद्यार्थीको हस्ताक्षर : मिति :

**रोहवर**

शिक्षा अधिकृतको नाम :
हस्ताक्षर :
मिति :

आवेदकको बाबु/आमा/संरक्षकको नाम :
हस्ताक्षर :
मिति :

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत